त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

# कृषि/वागवानी स्नातक (B.Sc.Ag./Hort.) तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

**प्रकाशित मिति २०७७/१०/१५**

शैक्षिक वर्ष २०७७०७८ को लागि यस अध्ययन संस्थान अन्तर्गत संचालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा अध्ययन गर्न चाहने, आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुले online बाट आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ । आवेदकले online मार्फत फारम भर्दा त्यहाँ मागे अनुसारका विवरणहरु भरी प्रमाणपत्रहरु upload गरी पठाउनुपर्नेछ (फारम भर्ने तरिका परिशिष्ठ १ मा दिइएकोछ) ।

१. **आवेदकको न्युनतम शैक्षिक योग्यताः** एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीण भई आई.एस्सी. (विज्ञान)/कृषि विज्ञान, वा १०+२ (कृषि) वा सो सरहको तहमा अंग्रेजी, केमेष्ट्री, वायोलोजी, गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क वा Letter Grading System अन्तर्गत भए Aggregate मा $C^+$ वा CGPA 2.4 प्राप्त गरी उत्तिर्ण भएको हुनुपर्नेछ । यदि १०+२ कृषि अध्ययन गरेका विद्यार्थीको Transcript मा गणित विषयको Marks उल्लेख नभए गणित विषय पढेको थप मार्कसिट upload गर्नु पर्नेछ । थप मार्कसिटमा प्रतिशत भए ५०% र Letter Grading भए $C^+$ वा GPA 2.4 हुनु पर्नेछ । कक्षा ११ उर्तिण गरी कक्षा १२ को परीक्षामा सम्मिलित विद्यार्थीले कक्षा ११ उत्तिर्णको मार्कसित upload गरेर पनि आवेदन गरी प्रवेश परीक्षामा सम्मिलित हुन सक्नेछन तर मिति २०७७/११/१६ देखि मिति २०७७/११/१८ गतेसम्म अनिवार्य Transcript पेश गर्नु पर्नेछ अन्यथा त्यस्ता परीक्षार्थीलाई मेरिट लिष्टमा समावेश गरिने छैन ।

२. **आवेदन तथा प्रवेश परीक्षा शुल्कः** कृषि/बागबानी स्नातक तहको लागि आवेदन फाराम शुल्क र परीक्षा शुल्क गरी एकमुष्ट रु. ४५००।-(रु. चार हजार पाँच सय) बुझाउनु पर्नेछ । यस्ता आवेदनलाई खुला आवेदनमा समावेश गरिनेछ । खुला वाहेक आरक्षित कोटामा आवेदन दिने आवेदकहरुले तोकिएको आवेदन दस्तुरको अतिरिक्त प्रति आरक्षण कोटामा रु.५००/- थप गरी एकमुष्ट शुल्क वुझाउनु पर्नेछ । आवेदन फाराम तथा प्रवेश परीक्षा शुल्क नेपाल बैंक लिमिटेड, त्रि.वि., कीर्तिपुरमा रहेको यस अध्ययन संस्थानको खाता **"कृ.प.बि.अ.सं, प्रवेश परीक्षा खाता नं. ०४५००१०६५९८५४३००००१ वा IAAS ENTRANCE 04500106598543000001"** मा नेपाल बैंक लिमिटेडको कुनैपनि शाखा/उपशाखाबाट जम्मा गरी सोको सक्कलै भौंचर आवेदन फाराममा upload गर्नुपर्नेछ । Bank voucher मा deposited by भन्ने स्थानमा विद्यार्थी स्वंमको Name र Mobile no. अनिवार्य रुपमा लेख्नुपर्नेछ । रकम जम्मा गर्नुअघि आफ्नो कागजात पुरा र रितपर्वक भए नभएको रुजु गर्न सुझाव दिइन्छ । रकम जम्मा गरिसकेपछि आवेदन ठिक/बेठिक जे भए पनि उक्त रकम फिर्ता हुने छैन ।

३. **आवेदन दिने मिति र समय :** आवेदन **मिति २०७७/१०/१५ गते देखि मिति २०७७/११/०५ गते राती १२ बजेसम्म** (बिदाका दिनमा समेत) चौबिसै घण्टा दिन सकिनेछ । **मिति २०७७/११/०५** गतेसम्म वैक भौचर काटिएका आवेदकहरुले सोहि दिन राति १२ वजेभित्र आवेदन फारम भरी सक्नु पर्नेछ । तोकिएको समयमा आवेदन दिन नसक्नेहरुले दोब्बर दस्तुर (रु. ९०००।-) तिरेर २०७७/११/०९ गते राति १२ बजेसम्म फारम भर्न सकिनेछ । आवेदकले Online आवेदनमा गरेको

भूल, सुधार गर्न चाहेमा निवेदन सहित मिति २०७७ फागुन १० गते भित्र माथि उल्लेखित (बुदा नं. २) खातामा रु. २००।- (दुई सय) बुझाई डीन कार्यलयमा, कार्यालय समय भित्र भूल सुधार गर्न सकिनेछ । आवेदन दिदा अध्ययन संस्थानअन्तर्गतका ४ वटा आंगिक क्याम्पस (गौरादह, लमजुङ्ग पक्लिहवा र रामपुर) लाई प्राथमिकताको आधारमा १, २, ३ र ४ नम्बर लगाउन सकिनेछ । कुनै पनि विद्यार्थीले १ वा सो भन्दा बढि ४ वटै क्याम्पसहरुमा चिन्ह लगाउन सक्नेछन ।

४. **प्रवेशपत्र वितरण :** प्रवेशपत्र मिति **२०७७-११-१२ गतेबाट** download गरी print गर्न सकिनेछ । सो को लागि entrance.iaas.edu.np खोली applicant's status click गरी आफ्नो identity entry गरेर search status click गरेपछि admit card देखाउनेछ । Admit card अनिवार्य color print गरी लिनुपर्नेछ । प्रवेश परीक्षामा **color admit card** को साथमा **नागरिकता वा राहादानी** वा **सवारी चालक अनुमतीपत्र** सक्कल देखाउनु पर्नेछ अन्यथा परीक्षा हलमा प्रवेश गर्न पाइने छैन ।

५. **प्रवेश परीक्षासम्बन्धी जानकारी :** प्रवेश परीक्षाका लागि विषयगत रुपमा प्रमाणपत्र तहमा अध्ययन गरिएका तपशिल वमोजिमका विषयहरुबाट कुल १०० वटा प्रश्नहरु सोधिने छन । सबै प्रश्नहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का हुनेछन ।

| **क्र.सं.** | **विषय** | **प्रश्न संख्या** | **क्र.सं.** | **विषय** | **प्रश्न संख्या** |
|---|---|---|---|---|---|
| क | अंग्रेजी | १५ | ङ | जुलोजी | १५ |
| ख | केमेष्ट्री | १५ | च | बोटानी | १५ |
| ग | फिजिक्स | १५ | छ | कृषि | ५ |
| घ | गणित | १५ | ज | सामान्य ज्ञान | ५ |

६. **प्रवेश परीक्षा हुने स्थान र मिति :** प्रवेश परीक्षा काठमाण्डौं उपत्यकाभित्र हुनेछन् । स्थान परिवर्तन भएमा पछि जानकारी गराइनेछ । परीक्षा मिति **२०७७ फागुन १५ गते** विहान ११:०० बजे देखि १२:३० बजे सम्म हुनेछ ।

७. **प्रवेश परिक्षा नतिजा प्रकाशनः** प्रवेश परिक्षा नतिजा **२०७७ फागुन १६ गते भित्र** तथा मेरीट क्रम **२०७७ फागुन १९ गते भित्र** प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ । सबै नतिजा तथा सूचना IAAS को website मा पनि राखिनेछ ।

८. **भर्नाको आधार र कोटा वितरणः** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार दिईनेछ, सोको आधारमा सबै कोटाका लागि योग्यताक्रम सूची तयार गरी भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्राप्ताङ्क प्रतिशत बराबर भएमा १०+२ वा सो सरहको प्रतिशत/ग्रेड, सो पनि बराबर भएमा एस.एल.सी वा सोसरहको प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा क्रमसः बायोलोजी, केमेस्ट्रि, अंग्रेजी, गणित तथा फिजिक्स विषयको प्रतिशत/ग्रेड हेरी बढी प्रतिशत/ग्रेड ल्याउनेलाई भर्ना गरिनेछ ।

***क) आंगिक क्याम्पस मुल कोटा:*** प्रवेश परीक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु यस अध्ययन संस्थान अन्तर्गतका कृषि स्नातक (B.Sc.Ag.) कार्यक्रम सञ्चालन गरेका आंगिक क्याम्पसहरु (गौरादह, लमजुङ्ग पक्लिहवा र रामपुर) प्रत्येकमा ५० का दरले जम्मा २०० जना विद्यार्थीहरु भर्ना लिइनेछ (तालिका १)। जसमध्ये १०६ जना merit, ४० जना आरक्षित र ५४ जना अध्ययन संस्थान विकास शुल्क (IDF) अन्तर्गत हुनेछन्। त्रि.वि. को नियममा व्यवस्था भए अनुसार आरक्षण कोटाको लागि तल उल्लेख गरिएको छ। छात्रा तथा आरक्षीत कोटामा भर्ना हुन चाहेमा आवेदन साथ निम्नानुसार कोटाको लागि, निम्नानुसार निकायबाट प्राप्त प्रमाणपत्रको clear image upload गर्नु पर्नेछ। निवेदन साथ प्रमाणपत्रहरु समावेश नभएमा त्यस उपर कारबाही गरिने छैन। उक्त कोटाहरुमा पनि योग्यताक्रमको आधारमा भर्ना लिइनेछ।

- **छात्रा कोटा:** नागरिकताको प्रमाणपत्र।
- **अपाङ्ग कोटा:** राष्ट्रिय अपाङ्ग महासंघ, सम्वन्धित गाउँपालिका, नगरपालिका वा जिल्ला प्रशासन कार्यलय (जि.प्र.का.)।
- **आदिवासी/जनजाति कोटा:** आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सम्वन्धित गाउँपालिका, नगरपालिका वा जि.प्र.का.।
- **दलित कोटा:** राष्ट्रिय दलित आयोग वा सम्वन्धित गाउँपालिका, नगरपालिका वा जि.प्र.का.।
- **दुर्गम जिल्ला:** सम्बन्धित गाउँपालिका, नगरपालिका वा जि. प्र. का.। नागरिकता अनुसार अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु तथा हुम्ला स्थायी बसोबास भएका।
- **मधेसी कोटा:** सम्बन्धित गाउँपालिका, नगरपालिका वा जि. प्र. का.।
- **थारु कोटा:** आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित गाउँपालिका, नगरपालिका वा जि. प्र. का.
- **मुस्लिम कोटा:** सम्बन्धित गाउँपालिका, नगरपालिका वा जि. प्र. का.।
- **अन्य कोटा:** (अल्पसंख्यक, सिमान्तकृत, पिछडा बर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले बिपन्न खस आर्य) सम्बन्धित गाउँपालिका, नगरपालिका वा जि. प्र. का.।
- **स्टाफ कोटा:** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताका प्रमाणपत्र तथा सम्बन्धित क्याम्पसको सिफारिस पत्र।

*द्रष्ट्रव्य: कुनै पनि आरक्षित कोटाको लागि वडा कार्यालयको सिफारिस पत्र मान्य हुने छैन।*

***ख) एनेक्स कोटा:*** यस शैक्षिक वर्षमा पनि कृषि स्नातकतह तर्फ विगतमा जस्तै आगिंक क्याम्पसहरुमा एनेक्स (निजी) तरिकाबाट चलाइएको शैक्षिक कार्यकमका कोटाहरु नियमित गरिनेछ।

***ग) संबन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा:*** प्रवेश परिक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु यस अ.सं. अन्तर्गतका कृषि स्नातक कार्यक्रम सञ्चालन गरेका संबन्धन प्राप्त क्याम्पसहरु (पृथु टेक्निकल कलेज, दाङ, कलेज अफ लाइफ साइन्सेस, दाङ र गोकुलेश्वर कृषि कलेज, वैतडी) मा निर्धारित प्रति क्याम्पस ५० र बागबानी स्नातक कार्यक्रम सञ्चालन हुने महेन्द्र रत्न वहुमुखि क्याम्पस, इलामका लागि निर्धारित ५० कोटाका लागि भर्ना हुनेछन्। नेपाल सरकार शिक्षा मन्त्रालयको निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्वन्धमा वनेको आधारभुत निति २०६३ (संसोधन सहित) बमोजिम लागु हुने १०% छात्रावृति कोटा निर्धारित ५० जनाको कोटा भित्रवाटै हुनेछ।

छात्रावृति कोटा वाहेकका विद्यार्थीहरुको भर्ना सम्बन्धी कार्यक्रम सम्बन्धित क्याम्पसबाट नै पछि प्रकाशित हुनेछ । डीन कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा उल्लेखित क्याम्पसहरुले विद्यार्थी भर्नाको मेरिट लिष्ट निकाली सो को आधारमा भर्ना गर्नुपर्नेछ । भर्ना प्रकृयाका सबै सूचना तथा मेरिटमा भर्ना गरिएका विद्यार्थीहरुको नामावलि अनिवार्य रुपमा एक महिना भित्रमा संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

तालिका १: शै.व. २०७७⁄७८ आंगिक क्याम्पसमा विभिन्न कोटामा भर्ना लिइने जम्मा विद्यार्थी संख्या ।

| **कोटा विवरण** | **वि.एस्सी. कृषि** | | | | | |
|---|---|---|---|---|---|---|
| | **गौरादह-५०** | **लमजुङ्ग-५०** | **पक्लिहवा-५०** | **रामपुर-५०** | **अन्य*** | **जम्मा-२००** |
| मेरिट कोटा | २६ | २६ | २६ | २६ | २ | १०६ |
| छात्रा कोटा | | | | | | |
| खुला | १ | १ | १ | १ | २ | ६ |
| दलीत | | | | | १ | १ |
| मुस्लीम | | | | | १ | १ |
| आदिबासी-जनजाती कोटा | १ | १ | १ | १ | २ | ६ |
| मधेसीकोटा | | | | | | |
| खुला | १ | १ | १ | १ | १** | ४ देखि ५ |
| दलीत | | | | | १ | १ |
| थारु कोटा | १ | १ | १ | १ | ० | ४ |
| दलित कोटा | | | | | ३+१* | ३ देखि ४ |
| अपाङ्ग कोटा | | | | | ३+१* | ३ देखि ४ |
| मुश्लीम कोटा | | | | | ३ | ३ |
| दुर्गम जिल्ला कोटा | | | | | ३ | ३ |
| अन्य कोटा | | | | | ३ | ३ |
| अ.सं. विकास शुल्क | १३ | १३ | १३ | १३ | २ | ५४ |
| **जम्मा** | **४३** | **४३** | **४३** | **४३** | **२६+२** | **२००** |
| स्टाफ कोटा*** | | | | | | |
| सहुलियत शुल्क | | | | | | ४ |
| अर्धशुल्क | | | | | | १ |
| पूर्णशुल्क | | | | | | १ |
| **जम्मा** | | | | | | ६ |

* मेरीटक्रमको साथै विद्यार्थीको क्याम्पस छनौट र समान विद्यार्थी संख्या बाँडफाँडको आधारमा क्याम्पस तोकिने छ ।

**मेरीटका आधारमा उच्चतम अंक प्राप्त गर्ने कुनै दुई विद्यार्थीले भर्ना पाउने छन ।

***नियमित कोटामा समावेश छैन । स्टाफ कोटाको निवेदनहरुको मुल्याङ्कन स्नातक भर्ना समिति २०७७ द्वारा पारित कार्यविधि अनुसार हुनेछ ।

***घ) स्थानिय कोटा:*** आगिंक क्याम्पसहरुमा निजी (एनेक्स) तरिकाबाट चलाइएको शैक्षिक कार्यक्रमहरु तथा संबन्धन प्राप्त क्याम्पसहरुमा कोटाको ५% (पाँच प्रतिशत) स्थानीय कोटा छुट्याइएको छ । स्थानिय कोटा आंगिक क्याम्पसहरुको हकमा स्विकृत कोटामा थप हुनेछ तर संबन्धन प्राप्त क्याम्पस/कलेजहरुमा स्विकृत कोटा भित्रैबाट लागु हुनेछ । जस अनुसार ५० कोटा Annex भएका आंगिक क्याम्पसहरुमा स्थानीय कोटा ३ थप गरी जम्मा निजी कोटा ५३ हुनेछन् । तर संबन्धन प्राप्त कलेजहरुका स्थानिय कोटा (३ सीट) डीन कार्यालयबाट अग्रिम स्विकृति लिइ भर्ना गर्न सकिनेछ । अग्रिम स्विकृती नलिएमा ति कोटा रद्द हुनेछन् ।

९. **भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका** : सम्पुर्ण कोटाहरुमा विद्यार्थी भर्ना शुल्क तथा भर्ना प्रकृया सम्बन्धी तालिका पछि प्रकाशित गरिनेछ ।

१०. **कक्षा सञ्चालन र छात्रावासः** सम्वन्धित क्याम्पसहरुबाट प्रकाशित सूचना अनुसार हुनेछ । छात्रावास नभएको वा क्षमता सिमित भएकोले सबै विद्यार्थीहरुलाइ छात्रावासको सुविधा उपलव्ध गराउन क्याम्पस प्रशासन बाध्य हुनेछैन ।

११. **सम्पर्क :** आवेदन फाराम बुझाउने तथा भर्ना सम्बन्धि थप जानकारीका लागी टेलिफोन नं. ०१-४३३०५००/४३३०६०० मा सम्पर्क गर्न सकिनेछ ।

-------------------

प्रा.भार्गव धिताल
डीन तथा संयोजक
भर्ना समिति

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**परिशिष्ठ १: Online Application Submit गर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरु**

आबेदन online बाट मात्र दिन पाइनेछ । आबेदनमा समाबेस गरीएका तथ्याङ्कहरु, प्रमाणपत्रहरु तथा फोटो सत्य हुनुपर्नेछ । त्यहाँ दिइएका कुनै पनि जानकारी झुटो वा अपुग पाइएमा त्यस्ता आबेदन अयोग्य हुनेछन । तसर्थ documents पुरा भएपछिमात्र आबेदन दिन जानकारी गराईन्छ । कुनै पनि browser, जस्तै Google chrome, Mozilla etc खोली entrance.iaas.edu.np type गरी enter गरेमा Start Registration पेज खुल्नेछ । सो start registration button click गरेमा Bank Information पेज र त्यस्पछि next click गरेमा Registration and Photo Instructions क्रमशः देखापर्नेछन । फेरी next click गरेमा application form देखापर्नेछ । बिद्यार्थीले instructions राम्रो सँग पढी त्यहाँ उल्लेखित नियम पालना गर्नुपर्नेछ । आबेदन फाराममा Asterisk (*) दिइएका बुँदाहरु अनिबार्य रुपमा भर्नुपर्नेछ । अन्यथा save तथा upload हुनेछैन । आबेदन फाराम पूर्णरुपमा भरेपछि तथा आबश्यक प्रमाणपत्रहरु upload गरेपछि पुछारमा रहेको save button click गरि सबै जानकारी बचाउनुपर्नेछ । फोटो तथा प्रमाणपत्रहरु upload गर्दा सम्वन्धित box थिचि, file खोली click गरी open click गरेमा सम्वन्धित box को दाँयाँ भागमा सो प्रमाणपत्र देखापर्नेछ । Documents Save भएमा saved successfully देखाइ फारामको सिरानमा फर्कन्छ । आबेदन फारामको सिरानको बाँयाँ भागमा रहेका edit button थिचि आफुले भरेका तथ्याङ्कहरु तथा upload गरिएका प्रमाणपत्रहरु ठिक तथा पुरा भए/नभएको रुजु गरी सबै आबश्यक तथ्याङ्कहरु तथा प्रमाणपत्रहरु पुरा भएपछि पुनः save गरेर मात्र submit button थिच्नुपर्नेछ । submit button थिचेपछि पुन edit गर्न मिल्नेछैन । Documents Submit कार्य सफल भएमा Page को माथि दाँया कुनामा Download Confirmation Page देखापर्नेछ । सो click गरेमा पिँधको बाँया कुनामा file देखिन्छ सो click गरी एक प्रति print गरी लिनु पर्दछ, जस्को विवरण प्रवेशपत्र लिन आबश्यक पर्दछ ।